# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## घरपझोङ गाउँपालिका
## मुस्ताङ

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

घरपझोङ गाउँपालिका

मुस्ताङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

घरपझोङ गाउँपालिका

मुस्ताङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको आ.व. २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

## Office of the Auditor General

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(गण्डकी प्रदेश)


प.सं. २०८०।८१

च.नं. ६०

मिति : २०८१।२।११

विषयः **लेखापरीक्षण प्रतिवेदन**

श्री अध्यक्ष ज्यू,

घरपझोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

मुस्ताङ।

महालेखा परीक्षकको कार्यालय नेपाल २०७६

१. **कैफियत सहितको राय** - हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार** -

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रु. २ करोड ७८ लाख २३ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रियाबाट फछ्र्यौटका लागि पेस नभएको र बाँकी बेरुजु असूल गर्नुपर्ने रु. ३ लाख ३१ हजार, अनियमित भएको रु. १ करोड ४३ लाख ९ हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रु. १ करोड ३१ लाख ८४ हजार समेत गरी यस वर्ष रु. २ करोड ७८ लाख २३ हजार बेरुजू कायम रहेको छ । पालिकाको गत वर्ष सम्म रु. ७ करोड ५२ लाख ५५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ९ करोड ७६ लाख ६६ हजार रहेको छ । पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका

छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व सङ्कलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ ।

(जयराम घिमिरे)

**नायब महालेखापरीक्षक**

घरपझोङ गाउँपालिका,
मुस्ताङ जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ४४ | २३ | २७८२३ | ० | ० | ० | ० | ४४ | २३ | २७८२३ | ३३१ | १४३०९ | १३१८४ | ० | ० | २७४९३ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| पालिका | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| घरपझोङ गाउँपालिका, मुस्ताङ | ७५२५५ | ० | ५४१२ | ६९८४३ | ० | २७८२३ | ९७६६६ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | सम्परीक्षण भएको रकम |
|---|---|---|
| १ | ०७९।८० (चालु आ.व.) | ० |
| | गत विगत वर्षतर्फको | |
| १ | २०७८।७९ | ० |
| २ | २०७७।७८ | ५४१२०९१ |
| ३ | २०७६।७७ | ० |
| | **गत विगतको जम्मा** | **०** |
| कुल जम्मा | | ५४१२०९१ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ५ वडा रहेको छ भने क्षेत्रफल ३७६ वर्ग किलोमिटर तथा जनसंख्या ३ हजार १८४ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२५ देखि २०८०।५।२९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू

सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको गत वर्षको अ.ल्या. तर्फ रु.११,५७,११,९५९।१०, संघीय सरकार अनुदानतर्फ रु. २२,४७,४८,८५८।००, प्रदेश सरकार अनुदानतर्फ रु. १,८३,३३,६२५।००, राजश्व बाडँफाडतर्फ रु. ३,७१,१९,०१४।७६, आन्तरिक आयतर्फ रु. १,०२,८५,००१।१० र अन्य आयतर्फ रु. २,९२,३५,१७६।४९ गरी जम्मा रु. ४३,५४,३३,६३४।४५ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची - १ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १,०९,७७३।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| क्र.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १ | सामाजिक सुरक्षामा बढी भुक्तानी | ३९३३३ |
| २ | विद्यालयलाई बढी निकासा | ३८१५० |
| ३ | बहाल कर कट्टी नगरेको | १००० |
| ४ | कृषिमा बढी भुक्तानी | १४६०० |
| ५ | गा पा चालुमा बढी भुक्तानी | ७१५० |
| ६ | सोलारमा बढी भुक्तानी | ९५४० |
| जम्मा | | १०९७७३ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरू

२ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसूचीमा संलग्न छ ।

३ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१,७३,०६,१८७।००, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको रु.४६,१५,२५३।०० र अन्यको रु.२०,००,०००।०० समेत गरी रु.२,३९,२१,४४०।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारीमा रु. १,६६,८४,८०१।३८, यस वर्षको प्राप्तिमा रु. १४,४९,०८,८१९।५९, यस वर्षको भुक्तानीमा रु. ६,९७,०६,२४८।०८ र बैङ्क मौज्दातमा रु. २,०७,८५,१४९।८९ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरू समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गत वर्षको जिम्मेवारी (रु.) | यस वर्षको प्राप्ति (रु.) | यस वर्षको भुक्तानी (रु.) | बैङ्क मौज्दात (रु.) |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७२) | ७,८८,०७,९९१.५९ | २९,०५,२४,८१४.८६ | २६,७९,६३,२१३.३४ | ७,६९,७९,०२३.१४ |
| एकीकृत आर्थिक विवरणअनुसार | ९,५४,९२,७९२.९७ | ४३,५४,३३,६३४.४५ | ३३,७६,६९,४६१.४२ | ९,७७,६४,१७३.०३ |
| फरक | (१,६६,८४,८०१.३८) | (१४,४९,०८,८१९.५९) | (६,९७,०६,२४८.०८) | (२,०७,८५,१४९.८९) |

**(विस्तृत विवरण बेरूजु दफा ४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५ **जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.९,५४,८३,४८२।९७ मौज्दात रहेकोमा यो वर्ष रु. ९,५४,९२,७९२।९७ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.९,३१०।०० बढि जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ । चालु खर्चमा करकट्टी दाखिला रकमको लागि बजेट खर्च लेखिएतापनि बैङ्कबाट चेक नसाटिएको कारणले बढी जिम्मेवारी सरेको पालिकाको भनाई रहेको छ ।

६ **अनुदान फिर्ता** - संघीय एवं प्रादेशिक सरकारको कानुन बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्तहुने वित्तीय समानिकरण बाहेकको निम्नानुसार अनुदान रकम खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित सञ्चितकोषमा फिर्ता गर्नुपर्ने व्यावस्था रहेको छ । यस गाउँपालिकाले २०८० असार मसान्तमा खर्च नभई बाँकी रहेको देहायानुसारको अनुदान रकम सञ्चितकोषमा दाखिला गरेको छ । उक्त विवरण अनुसूचीमा संलग्न छ ।

**(विस्तृत विवरण बेरूजु दफा ६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

८ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाका उपाध्यक्षले मिति २०७९।३।९ मा रु. ३४ करोड ३५ लाख ६३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट सोही मितिमा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

९ **योजनाको प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण , भाषिक र सांस्कृतिक विकास जस्ता आयोजना प्राथमिकीकरणका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल ७० योजनामा वजेट विनियोजन गरेको छ।

| क्र.सं. | कार्यक्रम | रु. ५ लाख सम्मका योजना संख्या | रु. ५ लाख देखि २० लाख सम्मका योजना संख्या | रु. २० लाख देखि ५० लाख सम्मका योजना संख्या | रु. ५० लाख भन्दा बढिका योजना संख्या |
|---|---|---|---|---|---|
| १ | पालिका स्तरिय | ० | १० | ३ | ६ |
| २ | वडा स्तरीय | १५ | ३५ | १ | ० |

उपर्युक्त विवरणअनुसार पालिकाले रु ५ लाख भन्दा कमका योजना १५ वटा , ५ देखि २० लाख सम्मका ४५ वटा र २० लाख भन्दा माथीका ४ वटा र ५० लाख भन्दा माथीका ६ वटा योजना गरी जम्मा ७० योजना सञ्चालन गरेको देखिन्छ । कुल योजनाको ८६% रु २० लाख भन्दा साना योजना सञ्चालनमा रहेको साथै उक्त साना योजनामध्ये आमा तथा समाजघरमा फर्निचर र भाडाकुडा खरिद लगायतका जिन्सी सामान वितरण गरी साना, टुक्रे र साना योजनाहरू सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ, पालिकाले वस्तुनिष्ठ योजना तवरले प्राथमिकीकरण र छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।

१० **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको आ.व. २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

(रकम रु. हजारमा)

| मुख्य क्षेत्र | वार्षिक बजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३३६२० | २८९६८ | ११.०९ |
| सामाजिक विकास | १२५२३९ | ९७९६० | ३७.४८ |
| पूर्वाधार विकास | १०३०५९ | ७२३५५ | २७.६८ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १३९१५ | ११६३० | ४.४४ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ६७३६० | ५०४७६ | १९.३१ |
| जम्मा | ३४३१९४ | २६१३९० | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको क्षेत्रगत बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ३७.४८ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा ४.४४ प्रतिशत खर्च भएको देखिन्छ । एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रमा समानुपातिक रुपमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ ।

११ **लक्ष्य र प्रगति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची- २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । पालिकाले प्रगति प्रतिवेदन तयार गरेतापनि सम्बन्धित निकायमा पठाएको पाइएन । नियमावलीमा भएको व्यवस्था बमोजिम प्रगति प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नुपर्दछ । साथै पालिकाबाट प्राप्त वार्षिक प्रगति देहाय बमोजिम छ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ७० | १ | ३ | ० | ६६ |

पालिकाले यस वर्ष कुल ७० योजना कार्यान्वयन गरेकोमा शुन्य प्रगति भएका १ वटा, २५ प्रतिशत सम्म प्रगति भएका ३ वटा र ७५ प्रतिशत भन्दा बढी प्रगति भएका ६६ वटा रहेका छन् । सबै योजनामा शत प्रतिशत प्रगति हुने गरी समयमा कार्य गर्नुपर्दछ ।

१२ **प्रशासनिक संगठन र जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ५६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १३ पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरू पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१३ **वडा सचिवको पदपूर्ति** - पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । दरबन्दी अनुसारको पदहरू रिक्त हुदा प्राविधिक तथा अन्य विषयगत जनशक्तिद्वारा वडा सचिव समेतको दोहोरो जिम्मेवारी निर्वाह गरी सेवा प्रवाह गरेको विद्यमान अवस्था देखिन्छ। रिक्त पदहरूको पदपूर्ति गर्नु पर्दछ ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ५ | ५ | २ | ३ |

१४ **कर्मचारीको प्रोत्साहन भत्ता -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। गाउँ कार्यपालिकाले कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता लागू गर्ने सम्बन्धी

कार्यविधि, २०७६ जारी गरेको छ । यो वर्ष पालिकाले विभिन्न पदका कर्मचारीहरूलाई रु.११,४७,०००।०० प्रोत्साहन भत्ता वितरण गरेको छ । पालिकाले कार्यविधिमा तोके बमोजिमका सूचकहरूको आधारमा भुक्तानी नदिइ ई-हाजिरीको आधारमा प्रोत्साहन भत्ता भुक्तानी दिएको पाइयो । पालिकाबाट जारी भएको कार्यविधिमा प्रोत्साहन भत्ता भुक्तानी दिन सक्ने भनिएतापनि स्पष्ट सूचकहरू भने उल्लेख छैन । ई-हाजिरीका आधारमा मात्र प्रोत्साहन भत्ता भुक्तानी नदिई कार्यसम्पादनका सूचकका आधारमा भुक्तानी गर्नु पर्दछ ।

१५ **सेवा प्रवाह** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकाले सेवा प्रवाह गर्नुपर्दछ । यस वर्ष पालिकाबाट निम्न बमोजिम सेवा प्रावह भएको विवरण पेश भएको छ । पालिकाले स्थानीय सरकार सञ्चालन ऐन तथा पालिकाबाट निर्मित ऐन, कानुन बमोजिम सेवा प्रवाहलाई थप प्रभावकारी बनाउँदै लैजानु पर्दछ ।

| क्र.सं. | विवरण सेवा प्रासिका लागि | निवेदन संख्या | सिफारिस संख्या |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | १०८ | १०८ |
| २ | घरबाटो सिफारिस | २३ | २३ |
| ३ | नाता प्रमाणित | १२५ | १२५ |
| ४ | जन्म, मृत्यु दर्ता | १०६ | १०६ |
| ५ | अन्य...... | १६९३ | १६९३ |

१६ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहायबमोजिम रहेका छन्ः

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको पाईएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने गरेको पाइएन।

- पालिकाले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।
- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण आंशिक रुपमा गरेको पाइयो।
- वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ बमोजिम बीस हजार भन्दा बढी मूल्यको खरिद कार्य मूल्य अभिबृद्धि करमा दर्ता भएका फर्मसँग मात्र खरिद गर्नु पर्नेमा सो गरेको पाइएन।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

लेखापरीक्षणको क्रममा कार्यालयसँग आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी व्यहोरामा छलफल गर्दा आगामी दिनमा मध्यकालीन तथा दिर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याईने, सार्वजनिक खरिद नियमावली बनाई लागू गरिने, मध्यकालीन खर्च संरचना तयार गरी लागू गरिने , खरिदको गुरुयोजना तयार गरेर मात्र खरिद कार्य गरिने , आयोजनाको प्राथमिकिकरण गरी आयोजना बैङ्क खडा गरिने, दिगो विकास सँग सम्बन्धित कार्यक्रमहरू तर्जुमा भई लागू भएका छन सो कार्यकम तथा योजनालाई मध्यकालिन लक्ष्य तोकि मूल्याङकन गरिने, बिल वीजक तथा भर्पाइहरूमा कार्यालय प्रमुखबाट छाप तथा दस्तखत अंशिक रुपमा गरिएकोले आगामी दिनमा पूर्ण रुपमा सो व्यवस्थाको पालना गरिने, ठेक्का अभिलेख तथा कन्टिन्जेन्सी खाता व्यवस्थित गरिने , ठेक्का मार्फत सम्पन्न भएका योजनाहरूको गुणस्तर परीक्षण भएको छ र उपभोक्ता समितिमार्फत गर्ने कार्यमा समेत आगामी दिनमा गुणस्तर परीक्षण गर्ने व्यवस्था मिलाइने, बजेट विनियोजन गरी वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गर्ने ,कोटेशन तथा ठेक्काबाट खरिद भएका ठूला रकममा अनिवार्य रुपमा कर वीजक प्रयोग भएको र आगामी दिनमा सबै कारोबारमा कर वीजक प्रयोग गरिने लगायतका जवाफ प्राप्त भएको छ ।

१७ **आन्तरिक लेखा परीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

१८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको

व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१९ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र ई-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । यस आ.व. मा फोहोरमैला व्वस्थापन शिर्षकमा रु १ करोड बजेट बिनियोजन भएकोमा स्थान चयनमा स्थानीय अवरोधका कारण सो कार्यक्रम सम्पन्न हुन सकेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापनका लागि प्रभाबकारी योजना तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वियन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

२० **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ८५,४५,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.१,०२,८५,००१.१ अर्थात अनुमान भन्दा २०.३६ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२१ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च (रु.) | आन्तरिक आय (रु.) | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ७३१०१४८३ | १०२८५००१.१ | १४.०६ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १४.०६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२२ **कर तथा असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा **५५,५७,५८** र **५९** मा एकीकृत सम्पति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शिर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| राजश्व संकेत नं. | राजश्व शीर्षक | आगामी आ.व. ०७९।०८० को अनुमान (रु.) | आ.व.०७९।०८० को यथार्थ (रु.) | असुली प्रतिशत |
|---|---|---|---|---|
| ११३१४ | भूमिकर/मालपोत | २५०००० | ४२०५१५ | १६८ |
| ११३१५ | घर जग्गा रजिष्ट्रेशन दस्तुर | १०००००० | ५७०६९८ | ५७ |
| ११३२१ | घर वहाल कर | १५००००० | ३४९३०५० | २३३ |
| ११३२२ | वहाल बिटौरी कर | ० | | ० |
| ११४७९ | अन्य मनोरञ्जन कर | ३५००० | ६०००० | १७१ |
| ११६३१ | कृषि तथा पशुजन्य व्यवसायको कारोबारमा लाग्ने | ५००००० | ५२२०५० | १०४ |
| ११६९१ | अन्य कर | ७००० | ० | ० |
| १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | २०००००० | १५९४२६१ | ८० |
| १४२१२ | सरकारी सम्पत्तीको बिक्रीबाट प्राप्त रकम | ५००० | ० | ० |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ० | ० | ० |
| १४२२४ | परिक्षा शुल्क | ५००० | १०६०० | २१२ |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | २५०००० | २२०००० | ८८ |
| १४२४१ | पार्किङ शुल्क | १००००० | ० | ० |
| १४२४२ | नक्सापास दस्तुर | ३००००० | ११८००५ | ३९ |
| १४२४३ | सिफारिस दस्तुर | ५००००० | ४२०२०० | ८४ |
| १४२४४ | व्यक्तिगत घटना दस्तुर | ३०००० | ४०००० | १३३ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ३५००० | ४६००० | १३१ |
| १४२४९ | अन्य दस्तुर | १००००० | २०१४३६ | २०१ |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | २५००० | ८०० | ३ |
| १४३१२ | प्रशासनिक दन्ड जरिवाना र जफत | ३००० | २००० | ६७ |

| | | | | |
|---|---|---|---|---|
| १४६११ | व्यवसाय कर | १७००००० | २२४३६०० | १३२ |
| १५१११ | बेरुजु | २५००० | ११३५८७ | ४५४ |
| ३३३४२ | मनोरञ्जन कर | ० | ० | ० |
| ३३३४३ | विज्ञापन कर | ५००० | ० | ० |
| ३३३६६ | दहत्तर बहत्तर शुल्क | ५०००० | ६३३६० | १२७ |
| ३३३९१ | अन्य बाँडफाँड हुने राजश्व संकलन | ० | ० | ० |
| ११३११ | व्यक्तिगत सम्पत्तिमा लाग्ने कर | १२०००० | १८३१५५ | १५३ |
| कुल जम्मा | | ८५४५००० | १०३२३३१७ | १२१ |

पालिकाको राजश्व सफ्टवेयरले रु.१,०३,२३,३१७।१० असुल भएको देखाएकोमा सुत्रको प्रतिवेदन अनुसार रु. १,०२,८५,००१।१० असुल भएको देखिन्छ । सुत्रमा रु.३८,३१६।०० घटी आय देखिएकोले हिसाव मिलान गर्नुपर्दछ ।

लेखापरीक्षणको क्रममा कार्यालयसँग छलफल गर्दा वडा नं ४ ले उठाएको रु ३८३१६।०० आन्तरिक राजश्व पालिकाको आन्तरिक खातामा दाखिला गर्नुपर्नेमा राजश्व बाँडफाड खातामा दाखिला गरेकोले सुत्रको आन्तरिक आयमा कम राजश्व र पालिकाले सञ्चालन गरेको राजश्व सफ्टवेयरमा बढी राजश्व देखिएको कार्यालयको भनाई रहेको छ ।

२३ **असुल गर्न बाँकी आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकारक्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष बन्दोवस्त गरेको आन्तरिक आय ठेक्कामा देहाय अनुसार रु. ६०,०००।०० असुल गर्न बाँकी रहेको छ । असुल गर्न बाँकी आन्तरिक आय असुल गरी दाखिला गर्नुपर्ने रु.

| क्र.सं. | व्यक्तिको नाम | आय ठेक्काको नाम | सम्झौता रकम | असुली रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | रसुल फकिर | बधशाला सञ्चालन | ६०००० | ३०००० | ३०००० |
| २ | नरुल हसन फकिर | बधशाला सञ्चालन | ६०००० | ३०००० | ३०००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,००० |

२४ **करार सुविधा र स्थानीय भत्ता** - सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या कानुन¬ १८।०७३।७४, चलानी नं. २१७ मिति २०७४।०१।२५ को परिपत्र अनुसार करारका कर्मचारीले पाउने सुविधा बारेमा स्पष्ट व्यवस्था गरेको छ । जस अनुसार करारका कर्मचारीले स्थानीय

भत्ता पाउने देखिँदैन । पालिकाले सहायक चौथो तह, श्री सविना थकाली सँग करार सम्झौता गर्दा सम्झौताको बुँदा नम्बर ४ मा चौथो तहको कर्मचारीले पाउने मासिक आधारभुत पारिश्रमिक र अन्य सुविधाको हकमा सोही पदमा रहि यस अघि खाईपाई आए बमोजिम हुने भनि उल्लेख गरेको पाईयो। सो सम्झौताको आधारमा निजलाई महंगी भत्ता मासिक रु.२०००, स्थानीय भत्ता वापत मासिक रु.६१५०।०० तथा ग्रेड रकम समेत मासिक रु.८७३६ का दरले वार्षिक रु.२,११,३६८ भुक्तानी भएको छ । यसरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र विपरित हुनेगरी स्थानीय भत्ता दिने आधार पेश हुनुपर्ने अन्यथा असुल हुनु पर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,११,३६८ |

२५ **लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

२६ **वार्षिक खरिद गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रु १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ मा वार्षिक रु १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१०,१७,३३,०००।०० रकमको पुँजीगत तथा निर्माण कार्य गरेको पाइयो । पालिकाले वार्षिक खरिद योजना तयार गरे तापनि खरिद गुरुयोजना तयार गरेको छैन । खरिद ऐन तथा नियमावलीको व्यवस्था बमोजिम पालिकाले खरिद गुरुयोजना बनाई खरिद कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।

२७ **खर्च विश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.१,०२,८५,००१।१० राजस्व बाँडफाँडबाट रु.३,७१,१९,०१४।७६ र अनुदानबाट रु.७,३१,०१,४८३ समेत रु.१२,०५,०५,४९८।८६ आम्दानी भएकोमा चालु तर्फ रु.५,२८,३४,५८६।८० र पुँजीगत तर्फ रु.७,६६,२९,६६७ समेत रु. १२,९४,६४,२५३।८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ७.९४ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु.६३,३४,६०० खर्च भएको छ जुन आन्तरिक आयको ६१.५९ प्रतिशत रहेको छ । त्यसैगरी पालिकाले यस वर्ष कुल खर्चको १९.३१ प्रतिशत कार्य सञ्चालन तथा प्रशासनिक शीर्षकमा खर्च गरेको छ । यस्तो प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

२८ **त्रैमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

रकम (रु. हजारमा)

| बजेट उपशिर्षक | त्रैमासिक खर्च | | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | कुल खर्च | प्रथम | दोस्रो | तेस्रो | चौथो | |
| पुँजीगत तर्फ | १०१७३३ | २१०२७ | १९६२४ | १७०८ | ५९३७२ | ४५३०३ |
| प्रतिशत | | २०.६६ | १९.२८ | १.६७ | ५८.३६ | ४४.५३ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१०,१७,३३,००० निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. २,१०,२७,०००(२०.६६ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१,९६,२४,००० (१९.२८ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.१७,०८,००० (१.६७ प्रतिशत) र चौथो त्रैमासिकमा रु.५,९३,७२,००० ( ५८.३६ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.४,५३,०३,०००( ४४.५३ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

२९ **कानुन निर्माण, प्रकाशन र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० वटा नमूना कानुनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २३ वटा ऐन , ३९ वटा कार्यविधि, ५ वटा नियमावली, ३ वटा मापदण्ड, ८ वटा निर्देशिका लगायत ७८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । ७८ कानुन मध्ये पालिकाले ३४ वटा कानुनहरू राजपत्रमा प्रकाशित नगरी कार्यान्वयनमा ल्याएको छ। तसर्थ उक्त कानुनहरू राजपत्रमा प्रकाशन गरेर मात्र कार्यान्वयनमा ल्याउनु पर्दछ ।

३० **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो वर्ष थप भएको ३ गरी कुल ४ विवाद दर्ता भएकोमा ३ वटा मात्र फस्र्योट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

३१ **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण,

निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ८ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३२ **जिन्सी व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरूलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरूको मर्मत तथा लिलाम गरी जिन्सी अद्यावधिक गर्नुपर्दछ ।

३३ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ ।

३४ **जफत रकम** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ६३, सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(११) र १२८ अनुसार ती ठेक्काहरूको पेस्की जमानी प्राप्ति गर्ने, | ठेक्का अंकको बढीमा १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, ठेक्का तोडेन, कार्यसम्पादन जमानी प्राप्ति गर्ने, कालो सूचीमा राख्ने र काम पूरा गर्न नपुग रकम भराउने व्यवस्था छ । पालिकाले देहाय अनुसार ठेक्काहरूमा ठेक्काको म्याद समाप्त भै सकेको अवस्थामा समेत शुन्य प्रगति रहेको ठेक्काको पेश्की तथा कार्यसम्पादन जमानत जफत गरी गाउ पालिकाको बिबिध खातामा राखेको देखिन्छ । उक्त ठेक्काहरू बजेट व्यवस्थापन पालिका तर्फको बजेटबाट नभई सघ तथा प्रदेशको बजेटबाट ठेक्का व्ययवस्थापन भएकोले जफत गरिएको पेश्की रु. २६,४९,०००।०० मध्ये रु. ९,२७,०००।०० प्रदेश संचितकोष र रु. १७,२२,०००।०० संघीय संचितकोषमा जम्मा गर्नु पर्दछ ।

| ठेक्का नं. | निर्माण व्यवसायी | ठेक्का अंक | पेश्की जमानी | कार्यसम्पादन जमानी | जम्मा | श्रोत |
|---|---|---|---|---|---|---|
| मारफा खोला नदी नियन्त्रण | भद्रकाली ईन्जिनियरिङ्ग एण्ड बिल्डर्स | ४१४९६१४ | ३६७००० | ५६०००० | ९२७००० | प्रदेश अनुदान |
| कालिगण्डकी नदी नियन्त्रण योजना | भद्रकाली ईन्जिनियरिङ्ग एण्ड बिल्डर्स | ६०६६१२९ | १०७२००० | ६५०००० | १७२२००० | संघिय अनुदान |
| जम्मा | | | | | २६४९००० | |

मस्यौदा छलफलको क्रममा सार्वजनिक खरिद नियमावली बमोजिम ठेक्का तोडी निर्माण व्यवसायीलाई कारवाहीको लागि लेखी पठाएको व्यहोरा कार्यालयबाट जानकारी प्राप्त भएको छ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,४९,००० |

३५ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखाकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

३६ **परामर्स तथा डीपीआर खर्च** - बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्यक्रमको नाम | कुल खर्च (रु.) | कुल खर्च मध्ये परामर्श खर्च (रु.) |
|---|---|---|
| विपद् क्षेत्र पहिचान, नक्शाकंन एवम वस्ती विकासका लागि क्षेत्र किटान गरी डि.पि. आर. तयार गर्ने । | २०००००० | १९६५०७० |
| कालिगण्डकी नदी र शाखा खोलाहरूको ढुङगा, वालुवा र गिट्टी लगायतका प्राकृतिक श्रोत निकासीका लागि बिस्तृत वातावरणीय परिक्षण( Environmental impact Assessment) प्रतिवेदन तयार गर्ने | १००००० | ९५२०२.५ |
| कालिगण्डकी नदीको प्रारम्भिक वातावरणीय परिक्षण ( Initial Environmental Examination) प्रतिवेदन तयार गर्ने कार्य | २००००० | १९६१६८ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

३७ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

३८ **अधुरा आयोजना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरूको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरू र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरू र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार २ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरूको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहेका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | यो वर्ष सम्मको खर्च | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| मार्फा खोला तटबन्धन कार्य, घरपझोङ-२ | भद्रकाली इन्जिनियरिङ एण्ड बिल्डर्स, | २०७९।६।६ | २०८०।२।३०। | ३९७००० | १०% |
| ढुम्बा जाने पुरानो पुल देखि धैति ठुलो ढुङगा सम्म कालिगण्डकी नदी तटबन्धन निर्माण, घरपझोङ-३ | भद्रकाली इन्जिनियरिङ एण्ड बिल्डर्स, | २०७९।६।६ | २०८०।२।३०। | १११४७१४ | ५% |

३९ **स्रोत सुनिश्चितता -** आयोजनाहरूको बहुवर्षिय ठेक्का सम्बन्धि मापदण्ड, २०७६ बमोजिम बहुवर्षिय योजनाहरूको लागत अनुमान तुलनामा एकतिहाई वजेट व्यवस्थापन भएको हुनु पर्ने तथा श्रोत सुनिश्चितता हुनु पर्ने व्यवस्था छ । खेल पूर्वाधार निर्माण योजना अन्तर्गत गाँउपालिकाको वडा नं. ४ मा खेल मैदान निर्माणको लागि रु. ६ करोड ५८ लाख ४३ हजार ५ सय ८१ को लागत अनुमान सहितको सँरचना निर्माणको लागि गुरुयोजना बनेको देखिन्छ । यस बर्ष उक्त योजनामा रु. १३,१९,६०६।०० बिनियोजन भै निर्माण व्यवसायी सानु कन्सट्रक्सन मार्फत शिलबन्दी दरभाउपत्रबाट सम्झौता भै सो रकमको निर्माण कार्य सम्पन्न भएको छ। साथै उक्त खेल पूर्वाधार निर्माण योजनाका हालसम्म पटक पटक गरि सम्पन्न भएका ठेक्का व्यवस्थापनमा एक भन्दा बढि निकाय तथा एक भन्दा बढी खरिद बिधिको प्रयोग गरी टुक्रा टुक्रा पारी निर्माणकार्य क्रमागत रुपमा गरिरहेको अवस्था देखिन्छ । ठुला आयोजनाहरूमा बजेटको श्रोत सुनिश्चितता नहुदा सालबसाली योजनाको रुपमा कार्यान्वयन गर्नु पर्ने अवस्था एवम् खरिद प्रकृयामा समेत एकरुपता कायम हुन नसक्नाले समग्र योजना सम्पन्न हुदा सम्म लागत बृद्धि हुन गएको छ । निर्माण कार्यमा एकद्धार प्रणाली लागु गर्नु पर्दछ । साथै ठुला योजनाहरूमा बजेटको श्रोत सुनिश्चितता पश्चात ठेक्का व्यवस्थापन गर्नु पर्छ।यस तर्फ सम्बन्धित निकायको ध्यान जान जरुरी देखिन्छ । हालसम्मको खर्च विवरण देहाय बमोजिम छ ।

| | | | | | |
|---|---|---|---|---|---|
| आ. व २०७६/७७ | | | | | |
| क्र.सं. | श्रोत | | | | जम्मा भुक्तानी रकम |
| १ | प्रदेश सरकार | उपभोक्ता समिति | ५००००० | ५६६५८३.४ | १०६६५८३.४२ |
| आ. व. २०७७/७८ | | | | | |
| १ | गापा | उपभोक्ता समिति | ६८५७०० | ८६३४५०.७ | १५४९१५०.७३ |
| २ | गापा | उपभोक्ता समिति | १६८८७०० | २९८०६.९७ | १७१८५०६.९७५ |
| ३ | प्रदेश सरकार | उपभोक्ता समिति | २५००००० | ४४४७५०.८ | २९४४७५०.८१ |
| आ. व २०७८/७९ | | | | | |
| | | | १४६०४८३.३ (with VAT) | | |
| १ | | | | | १४६०४८३.३ |
| २ | प्रदेश सरकार | उपभोक्ता समिति | १८८०३०० | ३३१८६२ | २२१२१६२.०४ |
| आ. व २०७८/७९ | | | | | |
| आ. व। २०७९/८० | | | | | |
| | प्रदेश सरकार | ठेक्का बाट ( सानु कन्स्ट्रक्सन ) | १३१९६०३.२२(with VAT) | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | गापा समपुरक | | | | १३१९६०३.२२ |
| जम्मा | | | | | १२२७१२४०.५ |

४० **औषधी खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ ।तर पालिकाले उक्त प्रकृयाबेगर संघीय सशर्ततर्फ रु ९,३६,९९९ को औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम रहेका छन् ।

- खरिद गरेका उक्त औषधी कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिएन ।
- औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको देखिन्छ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरू जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४१ **मिनि मुस्ताङ पार्कमा कम्पाउन्ड वाल -** मिनि मुस्ताङ पार्कमा कम्पाउन्ड वाल निर्माणका लागि पालिका र गोरखा कालिका कन्सट्रक्सन नेपाल प्रालि बीच रु. ८१,४१,४०५।०० (मु.अ. कर र पि एस बाहेक) मा २०७९ आषाढ मसान्त सम्ममा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएको छ । २०७९।५।१२ को गाउँ कार्यपालिकाको निर्णयबाट २०७९।७।३० सम्ममा कार्यसम्पादन गर्ने गरी सम्झौताको म्याद थप भएको छ । निर्माण व्यवसायीले भुक्तानीको लागि दिएको निवेदन मिति २०७९।८।१५ मा गाउँपालिकाको कार्यालयमा दर्ता भएको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईका कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशत नबढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको शुन्ना दशमलव शून्य पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । सम्झौताको म्यादभन्दा १५ दिन पछि मात्र कार्यसम्पादन भएकोले सम्झौता अंक रु.८१,४१,४०५।०० को प्रतिदिन ०.०५% को दरले हुने रु.६१,०६०।०० सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६१,०६० |

४२ **फरक सामग्रीको प्रयोग** - पालिकाले आर्थिक वर्ष २०७९।८० का लागि OPC सिमेन्टको मूल्य अभिवृद्धि कर सहितको प्रतिवोरा दर रु ७८७ ।०० र PPC सिमेन्टको प्रतिवोरा दर रु ६८५।०० कायम गरेको छ । OPC सिमेन्ट प्रयोग गर्ने गरी दर विश्लेषण गरि सोही अनुसार देहायका भौचर बाट देहायका उपभोक्ता समितिलाई भुक्तानी दिएतापनि उपभोक्ता समितिले खरिद गरेका विल भर्पाइ परीक्षण

गर्दा PPC सिमेन्टको प्रयोग भएको पाइयो । यसरी फरक सिमेन्टको प्रयोग गर्दा प्रतिवोरा बढी दर रु. १०२।०० को दरले बढी भुक्तानी दिएको असुल हुनुपर्दछ ।

| भौ.नं. | उपभोक्ता समिति | आपूर्तक | खरिद बोरा | बढी भुक्तानी |
|---|---|---|---|---|
| ४९ | सिँचाइ कुलो तथा ढल निर्माण उ.स. | रामराज हार्डवेयर | ४५ | ४५९० |
| ५० | चिमा गाउँको सिँचाइ कुलोमा हाते ट्याक्टर बाटो | ए एच सप्लायर्स | ७१ | ७२४२ |
| जम्मा | | | | ११८३२ |

| असुल गर्नुपर्ने | ११,८३२ |
|---|---|

४३ **खर्चको पुष्ट्याँई** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बील, भरपाई र प्रमाण कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले लागत अनुमान तयार नगरी कृषि शाखाले तयार गरेको प्रस्तावको आधारमा कार्यपालिकाको निर्णय बमोजिम गो.भौ. २६५।२०८०।३।२२ बाट रु.१,५०,००० र १६७।२०८०।१।१२ मा रु.१,५०,००० गरी KB Shahi Fruits And Flower Nursery Firm लाई रु.३,००,००० भुक्तानी दिएको नियमसम्मत देखिएन । पालिकाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| अनियमित भएको | ३,००,००० |
|---|---|

४४ **बढी दरले भुक्तानी** - ठिनी खोला ब्रिज मर्मत योजना तर्फ पालिका तथा उपभोक्ता समितिसँग सम्झता भै कार्य सम्पन्न भएकोमा स्वीकृत लागत अनुमान अनुसार १.७६ घन मिटर (१:२:४ पिसिसि वर्क्स) को प्रति घ.मि रु.१५,८७४.०४ को दरले रु.२७,९३८.३१ भुक्तानी दिनुपर्नेमा रु.२०,४४३.८६ को दरले रु.३,५९८१.१९ भुक्तानी दिएकोले दर फरक पारी बढी भुक्तानी गरेको रकम रु. ८०४२ असुल हुनुपर्दछ ।

| असुल गर्नुपर्ने | ८,०४२ |
|---|---|

४५ **घरपझोङ्ग गाउपालिका प्रशासनिक भवन निर्माण -** घरपझोङ्ग गाउपालिका को भवन निर्माण को लागि निर्माण व्यवसायी श्री डाँफे/हरी/सन्ता जे भी सँग मिति २०८०।३।२० सम्म कार्य सम्पन्न गर्ने गरी मिति २०७८।१।३ मा रु. ७,५९,८५,३९१।९२ सम्झौता भएकोमा हालसम्म रु. ७,४८,७२,७३०।०० भुक्तानी भई ९८.९३ प्रतिशत प्रगति भएको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन्ः

४५.१ उक्त ठेक्कामा बीमा कार्यको लागि सम्झौताको BOQ मा उल्लेखित रकम रु. २,९०,०००।०० भुक्तानी दिनुपर्नेमा रु.३,६१,४२७।४० भुक्तानी दिएको देखिन्छ। यसरी सम्झौताभन्दा बढी भुक्तानी रकम रु.७१,४२७।०० असुल गरी सञ्चितकोष दाखिला गर्नु पर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७१,४२७ |

४५.२ भवन निर्माण तर्फको ठेक्कामा गाँउपालिका र निर्माण व्यवसायी बीच भएको सम्झौताको BOQ मा रु. ५,३७,७६८ लागतमा ९ थान CCTV खरिद तथा जडान उल्लेख भएता पनि भेरीएसन पश्चात ३ थान घटाई ६ थान मात्र जडान गरेको देखिन्छ। ठेक्का व्यवस्थापन मार्फत भएको कार्यमा भेरिएसन जारी गरी घटाईएको भएता पनि आ.व. २०७९।८० मा पुनः सोही प्रकृतिको CCTV खरिद तथा जडान कार्य कोटेशनबाट रु.९,६२,५३४।०० मा खरिद भएको देखिन्छ। एउटै सामान खरिदमा टुक्रा पारी खरिद गरेको देखिएको हुदा सार्वजनिक खरिद नियामावलिले तोके बमोजिमको खरिद प्रक्रियाको पालना गर्नु पर्दछ।

४५.३ कार्यतालिका अद्यावधिकः गाँउपालिका एवम् निर्माण व्यवसायी बीच भएको ठेक्का सम्झौता को General Condition of Contract (GCC ) को दफा ३४.३ मा प्रत्येक ६० दिनमा समय कार्य तालिका अद्यावधिक गर्नु पर्ने तथा समय तालिका अद्यावधिक नगरेमा रु.१ लाख रकम भुक्तानीमा कट्टी गर्नु पर्ने व्यवस्था छ । निर्माण व्यवसायी बाट अद्यावधिक कार्यतालिका पेश भएको नदेखिएको हुँदा सम्झौतामा उल्लेखित व्यवस्था अनुरूप निर्माण व्यवसायी बाट रु १ लाख असुल हुनु पर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,००० |

४६ **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १.६५ देखि २८.६३ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो। पालिकाको स्वीकृत नर्म्शका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी % |
|---|---|---|---|---|---|
| कैसाङ खोला ठिनी सिंचाई योजना | GRM/NCB/ १०/०७९/८० | सौगात बिल्डर्स प्रा.लि | ११४०७०१७.२७ | १०३२८२३७.८१ | ९.४६ |
| मार्फा खोला तटबन्धन योजना | GRM/NCB/ ०३/०७९/८० | भद्रकाली इन्जिनियरिङ प्रा.लि | ५८१४५४५.५३ | ४१४९६१४.३३ | २८.६३ |
| स्याङ पुलचोकमा कालिगण्डकी नदि नियन्त्रण योजना | GRM/NCB/ ०४/०७९/८० | भद्रकाली इन्जिनियरिङ प्रा.लि | ८१४१७२२.०३ | ६०६६१२९.६६ | २५.४९ |
| ग्रेडिं मेशिन सहितको कोल्ड स्टोर्स निर्माण योजना | GRM/NCB/ ०९/०७९/८० | पि आर कन्स्ट्रक्सन | ९८८२००९.८२ | ९५५९१३४.७४ | ३.२७ |
| गाउँपालिका प्रशासनिक भवन निर्मान योजना | GRM/NCB/ ०८/०७६/७८ | डाँफे/ हरी सन्त जे भि | ७७२५६८९९.५२ | ७५९८५४२९.६४ | १.६५ |
| खेलग्राम निर्माण योजना | GRM/NCB/SQ/ ०६/०७९/८० | सानु कन्स्ट्रक्सन | १६००००० | १३२२१३६.५९ | १७.३७ |
| आपतकालिन सञ्चालन केन्द्र निर्माण योजना | GRM/NCB/W/ १४/०७८/७९ | शशी निर्माण सेवा | ६१०३२९६.२९ | ४८१८८५४.२७ | २१.०५ |

४७ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरूमा विभिन्न स्थानमा बाटो मर्मत लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४८ जनालाई रोजगारी उपलव्ध गराई रु. ३३,७०,०८०।०० खर्च गरेको छ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

४८ **प्रमाण पेश -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ विल वा विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । भौचर नं १३।२०७९।४।१० बाट चिमाङखोलामा तटबन्धन तथा मोटरबाटो स्तरोन्नती का लागि रु ५ लाख भुक्तानी भएको छ । श्रेस्ता संलग्न विल परीक्षण गर्दा जि आइ वायर इन्डष्ट्रिज एण्ड सप्लायर्सबाट २*१*१ को १७ थान र ३*१*१ को ३१ थान गरी जम्मा ११३ घन मिटर(६१३ वर्ग मिटर) जाली खरिद भएको छ ।पालिकाले ८५२ वर्ग मिटरको प्रतिवर्गमिटर रु ३३५ को दरले रु.२,८५,५५६।०० भुक्तानी दिएकोमा संलग्न श्रेस्ता

कागजात विश्लेषण गर्दा ६१३ वर्गमिटरको प्रतिवर्गमिटर दर रु ३३५ ले रु.२,०५,३५५।०० को मात्र बिल समावेश देखिएको हुँदा रु.८८,२०१ थप प्रमाण पेश हुनु पर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८८,२०१ |

४९ **उपभोक्तालाई मूल्य अभिवृद्धि कर -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई भुक्तानी दिदाँ लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि कर सहितको बीजक पेश नगर्दा समेत मूल्य अभिवृद्धि कर जोडी भुक्तानी दिएको पाइयो । देहायका उपभोक्ता समितिलाई बढी मू अ कर भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

| भौचर नं. | उपभोक्ता समिति | मु अ कर भुक्तानी | पेश भएको मु अ कर | बढी भुक्तानी |
|---|---|---|---|---|
| ११२ | स्याउ संकलन तथा बिक्री केन्द्र निर्माण संरक्षण उ स | ३८३२५ | ३३३४२ | ४९८३ |
| ११५ | छैरो खेतवारी फेन्सिङ तथा जाली उ स | १०३२५४ | ८९८२६ | १३४२८ |
| जम्मा | | १४१५७९ | १२३१६८ | १८४११ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,४११ |

५० **उपभोक्ता समितिमार्फत खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट सामान खरिद गर्न सक्ने व्यवस्था रहेको देखिदैन । पालिकाले देहायका सामानहरू खरिद गर्नका लागि मात्र उपभोक्ता समिति गठन गरी सोही समितिमार्फत खरिद गरी सोही समितिलाई भुक्तानी गरेको पाइयो । तसर्थ उपभोक्ता समितिमार्फत खरिद गर्न नमिल्ने अनियमित देखिएको रु.

| भौ.नं | उपभोक्ता समिति | खरिद सामग्री | कार्यसम्पन्न रकम | भुक्तानी रकम |
|---|---|---|---|---|
| ११ | दलित उत्थान सामुदायिक संस्था | फर्निचर | १३६३९२ | १२०००० |
| ११९ | छैरो दलित भवनमा फर्निचर तथा उ भो स | कुर्सी तथा टेवल खरिद | ११८३९७ | १००००० |
| १३५ | मार्फा गाउँभित्र सडक बत्ति मर्मत तथा पर्यटन | सडक बत्ती, फलामको बेन्च लगायत | १०३४९९३ | ८८०००० |
| १४६ | छैरो गाउँमा थ्रेसर मेसिन तथा भवन मर्मत उ स | थ्रेसर मेसिन १० वटा खरिद | ६६०००० | ५६१००० |

| | | | | |
|---|---|---|---|---|
| ७२ | मार्फं सभागृहमा फर्निचर खरिद | प्लाष्टिकको कुर्सी खरिद | २३०७५० | १९६००० |
| जम्मा | | | २१८०५३२ | १८५७००० |

| | |
|---|---|
| अनियमित भएको | १८,५७,००० |

५१ **सब कन्ट्र्याक्टरमार्फत खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सवकन्ट्याक्टरबाट गराउन नसकिने व्यवस्था छ । पालिकाले देहायका लाभग्राही समुदायलाई दिएको देहायका सम्पूर्ण कार्य सब कन्ट्याक्टर बाट खरिद गरेको पाइयो । सार्वजनिक खरिद नियमावलीको व्यवस्था बमोजिम लाभग्राही समुदायले आफैले गर्नुपर्ने कार्य सव कन्ट्याक्टर मार्फत खरिद गरेको नियमसम्मत नदेखिएको रु.

| भौ.नं | उपभोक्ता समिति | सबकन्ट्र्याक्टर | रकम |
|---|---|---|---|
| २ | छैरो गाउँमा सोलार ड्रायर वितरण उ स | कोमल कन्स्ट्रक्सन प्रालि | ३७४९३४ |
| १० | थाङ धुङ देखि चिनिघाङ सम्म कृषि सडक | सिमा निर्माण सेवा | २८१३७० |
| ३२ | ढुम्वा खोला नियन्त्रण योजना | दामोदरकुण्ड कन्सट्रक्सन | २९५००० |
| ६६ | थुमथाङ हुँदै किचिथाङ सम्म कृषि सडक निर्माण योजना | कोमल कन्स्ट्रक्सन प्रालि | ५३१५०० |
| जम्मा | | | १४८२८०४ |

| | |
|---|---|
| अनियमित भएको | १४,८२,८०४ |

५२ **फोटोकपी बिल** - आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका उपभोक्ता समितिलाई भुक्तानी दिदाँ फोटोकपी विल संलग्न गरी भुक्तानी दिएको पाइएकोले सक्कल विल पेश गर्नुपर्दछ।

| भौ.नं | उपभोक्ता समिति | आपूर्तक | वीजक नं | रकम |
|---|---|---|---|---|
| ६३ | छैरो सिँचाइ योजना उ स | ए एच सप्लायर्स | १६१५ | १५४०० |

| | | | | |
|---|---|---|---|---|
| १३१ | मार्फादेखि धौलागिरी जाने बाटोमा ढल निर्माण योजना | साग्रीला सप्लायर्स | ३९६ | ६५०२४ |
| १३६ | ठिनी जोमसोम सिँचाइ कुलो निर्माण योजना | मुस्ताङ जि आइ वायर इन्डस्ट्रिज एण्ड सप्लायर्स प्रा लि | ७१३ | ५४६८२ |
| जम्मा | | | | १३५१०६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३५,१०६ |

५३ **कोटेशन मार्फत खरिद** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले देहायका निर्माण कार्य तथा खरिद कार्य एकै प्रकृतिको भए तापनि प्याकेज बनाई प्रतिस्पर्धात्मक विधिबाट खरिद गरेको पाइएन । एकै प्रकृतिको काम भएकोले खरिद ऐन बमोजिम ठेक्का प्रकृयामार्फत खरिद गर्नुपर्नेमा खरिद कानुन पालना वेगर कोटेशनमार्फत सोझै खरिद गरी लागत अनुमानकै हारहारीमा आर्थिक वर्षको अन्त्यमा भुक्तानी भएको देखिन्छ । एकै प्रकृतिका कार्यलाई प्याकेज बनाई खरिद गर्नुपर्नेमा सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रु.

| आयोजनाको नाम | सम्झौता मिति | लई रकम रु. | ठेक्का अंक रु. | घटी प्रतिशत | निर्माण व्वासायी |
|---|---|---|---|---|---|
| विपद व्यबस्थापन कार्य सञ्चालन भवन र फिनिसिङ कार्य तथा ३ नं वडामा बाथरुम निर्माण, घरपझोङ -०३ र ४ | ०३/०४/२०८० | ७९४३०५ | ७९१९०४ | ०.३ | ज्ञानी निर्माण सेवा |
| स्याङ आधारभुत स्वास्थय चौकीमा बर्थिङ सेन्टर तथा ईन्सिनेटर निर्माण | ०५/२६/२०७९ | ५५०००० | ५४७७५४ | ०.४१ | रितिका कन्सट्रक्सन, घरपझोङ-३ |
| बहुउद्शिय शभा हलमा किचेन निर्माण | ०५/२६/२०७९ | ३९६८०२ | ३९४९८६ | ०.४६ | कोमल कन्स्ट्रक्सन, पोखरा |
| मार्फा स्वास्थ्य चौकीमा हटरूम तथा अन्य पूर्वाधार निर्माण कार्य | ०५/२७/२०७९ | ६००००० | ५९६४५८ | ०.५९ | कोमल कन्स्ट्रक्सन, पोखरा |
| कृषि उपज केन्द्रको मर्मत कार्य | ०७/२४/२०७९ | ३२९७६४ | ३२७८९८ | ०.५७ | रोष्नी कन्स्ट्रक्सन, घरपझोङ-३ |
| नाराघाङ देखि मार्फा स्वास्थ्य चौकी सम्मको सडक मर्मत कार्य | ०२/०७/२०८० | १०००००० | ९९६३२१ | ०.३७ | शर्मिला कन्स्ट्रक्सन, घरपझोङ-५ |

| | | | | | |
|---|---|---|---|---|---|
| कर्मचारी आवास मर्मत | ०३/१९/२०८० | ४०९९८६ | ४०८३३८ | ०.४ | रोष्नी कन्स्ट्रक्सन, घरपझोङ-३ |
| नयाँ गाउपालिका भवनमा फर्निचर निर्माण | ०३/०४/२०८० | ५००००० | ४९८४५० | ०.३१ | सन्त निर्मान सेवा |
| जोमसोम बजारमा देखी जि.प्र.का हुदै पुथाङ एयरपोर्ट सम्म सि. सी टि.भी जडान कार्य | ०२/०८/२०८० | ९९०००० | ९९१३४९ | ०.७७ | टिपि लिन्क ट्रेडरस, न्युरोड |

| | |
|---|---|
| अनियमित भएको | ५५,५३,४५८ |

५४ **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा रु १० लाख सम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने र नियम ८४ मा रु २० लाख सम्म लागत अनुमान भएको मालसामान तथा निर्माण कार्य सिलबन्दी दरभाउपत्रमार्फत खरिद गर्नुपर्ने र नियम ३१ मा रु २० लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्र मार्फत खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले पालिकाको लागि आवश्यक पर्ने फर्निचर, पर्दा तथा कार्पेट लगायतका सामानहरू लागत अनुमानमै काठमाडौका २ वटा सप्लायर्सबाट खरिद गरी रु. २६,१९,६०४।०० र ढुवानी र फिटीङ खर्चबापत रु. २,७०,७५०।०० गरी रु २८९०३५४।०० रकम २०८० जेठमा एकै मितिमा खरिद गरी भुक्तानी दिएको नियमसम्मत देखिएन । साथै २ आपूर्तकबाट जेठ महिनामा सिसिटिभि क्यामेरा र एल इ डि डिस्प्ले बोर्ड खरिदको रु. २४,९६,०००।०० भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| भौचर नं/मिति | लागत अनुमान | भुक्तानी रकम | घटी प्रतिशत | आपूर्तक | खरिद सामग्री |
|---|---|---|---|---|---|
| ९२।२०८०।२।७ | ८६८७७७ | ८६८७७७ | ० | प्याराडाइ फर्निसिङ | कार्पेट र डोर म्याट |
| ९३।२०८०।२।७ | ९९९९९९ | ९९९९९९ | ० | फर्निचर प्यालेस | सोफा सेट, टेवल र कुर्सी |
| ९५।२०८०।२।७ | ७५०८२८ | ७५०८२८ | ० | प्याराडाइज फर्निसिङ | पर्दा र पर्दा फिटिङका सामान |
| जम्मा | | २६१९६०४ | | | |
| १००।२०८०।२।२९ | ९७५००० | ९६२५३४ | १.२ | स्काइलिंक टेक्नोलोजी | सि सि टि भी क्यामेरा |

| | | | | | |
|---|---|---|---|---|---|
| १०१।२०८०।२।२९ | ५७७४०० | ५४२११७ | ६.११ | स्काइलिंक टेक्नोलोजी | एल इ डि डिस्प्ले वोर्ड र सि सि टि भी |
| १०२।२०८०।२।२९ र भौचर नं ३ संघीय सशर्त | ९९९००० | ९९१३४९ | ०.७७ | टिपिलिंक ट्रेडर्स | सि सि टि भी क्यामेरा |
| ३।२०८०।२।२९ | जम्मा | २४९६००० | | | |
| कुल जम्मा | | ५११५६०४ | | | |

| | |
|---|---|
| अनियमित भएको | ५१,१५,६०४ |

५५ **जटिल संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरू देहाय बमोजिम रहेका छन् :

| भौचर नं. | उपभोक्ता समिति | जटिल संरचना | कार्यसम्पन्न रकम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १११ | जोमसोम महिला समुह | भवन | ६९५१८२ | ५००००० |
| ६४ र ३ | पुथाङ एयरपोर्ट विधुतीकरण लाइन भूमिगत योजना | अन्डरग्राउण्ड विधुतीकरण | ७६६६७७७ | ६४००००० |

५६ **जाली वितरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बील, भरपाई र प्रमाण कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । पाम्स विवरण परीक्षण गर्दा आर्थिक वर्ष २०७९।८० को सुरुमा १४१३ वर्ग मिटर बरावर रु. ५,३८,६८९।०० को जाली मौज्दात रहेकोमा यस वर्ष १८१४ वर्ग मिटरको रु.१५,३२,८६८।०० खरिद भई १५३० वर्ग मिटर रु.९,६४,२५२।०० विभिन्न व्यक्ति तथा उपभोक्ता समूहलाई हस्तान्तरण भएको देखिन्छ । आर्थिक वर्ष २०७९।८० को मौज्दात १५९७ वर्गमिटरको रु. ११,०७,२९७।०० देखिएको छ । आवश्यकता पहिचान पश्चात मात्र जालि खरिद गरी हस्तान्तरण भएको जाली कहाँ र कुन योजनामा प्रयोग भयो सो को अनुगमन तथा प्राविधिक पुष्ट्याईबाट मात्रै पालिकाले खर्च लेख्नु पर्दछ।

५७ **कृत्रिम गर्भाधान मिसन कार्यक्रम** - कृत्रिम गर्भाधान मिसन कार्यक्रमका लागि रु.३,००,००० बजेट विनियोजन भएकोमा कन्चन ट्रेडिङ हाउसबाट रु.२,९९,९८७ को भेटेरीनरी औषधी सामाग्रीहरू खरिद

गरी मौज्दातमा राखिएको छ। कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन नगरी सामाग्रीहरू मौज्दातमा रहेकोले कार्यक्रमको प्रभावकारिता नदेखिएको हुदा समयमै कार्यक्रम सञ्चालन गरी सामाग्रीको अधिकतम उपयोग गर्नुपर्ने देखिन्छ ।

५८ **सामाजिक सुरक्षा -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ । कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले २ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ । यस वर्ष पालिकाले सामाजिक सुरक्षा तर्फ रु.१,७३,०६,१८७।०० खर्च लेखेकोमा यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन्ः

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको फोटो सहितको नाम दर्ता र नवीकरण लगत कट्टा भत्ता वितरण लगायत कार्यविधिमा व्यवस्था गरे अनुसार पालिकाले त्रैमासिक रुपमा भत्ताको भुक्तानी गरि सक्नु पर्ने व्यवस्था छ । पालिकाले प्रथम त्रैमासिक निकासाको रकम कार्तिक २५ गते, दोश्रो माघ २६ गते, तेश्रो बैशाख १२ गते र चौथो आषाढ २० गते निकासा गरेको देखियो । कार्यविधिले तोकिएको समयमा नै लाभग्राहीलाई भत्ता वितरण गर्नु पर्दछ ।

**अनुगमन -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमनको व्यवस्था रहेको छ । सो बमोजिम पालिकाले लाभग्राहीले पाउनु पर्ने भत्ता रकम अन्य व्यक्तिले लिए नलिएको, कसैले दोहोरो हुने गरी र लाभग्राही मृतक भई बैंक खातामा बांकी रहेको रकमको फिर्ता भए नभएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । जस्ले गर्दा सामाजिक सुरक्षा भत्ता रकमको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउदैं तोकिए बमोजिम भत्ता वितरण र मुत्यु भएकाको लगत कट्टा गरी अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान पुर्‍याउनु पर्ने देखिन्छ ।

**पारदर्शिता -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२(१) बमोजिम स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघ संस्था , गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्नेछ र त्यस्ता विषय सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतको सञ्चार माध्यमहरूबाट प्रचारप्रसार गर्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको कार्य गरेको पाईएन । कार्यालयले कार्यविधिको पूर्ण पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

**सार्वजनिक सुनुवाई -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम कार्यविधि, २०७७ को दफा ३४ बमोजिम स्थानीय तह तथा वडा समितिले प्रचलित कानुन बमोजिम सामाजिक सुरक्षा भत्ता सम्बन्धी विषयको सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यविधि अनुसार सार्वजनिक सुनुवाई गरेको पाइएन । कार्यविधिको व्यवस्था पालना गरी सामाजिक सुरक्षा सम्बन्धी विषयको सार्वजनिक सुनुवाई गर्नुपर्दछ ।

५९ **केन्द्र बाट छनौट भएका नमुना विद्यालय (पुँजीगत तर्फ )** - शिक्षा तथा मानव श्रोत बिकास केन्द्र को कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को बुदा २.८.८ अनुसार केन्द्रबाट छनौट भएका नमुना विद्यालय तथा प्राविधिक धार सञ्चालनमा रहेका विद्यालयको भवन तथा ल्याव व्यवस्थापनका लागि पुँजीगत तर्फ शसर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साथै उक्त अनुदान रकमको भावन निर्माण कार्य गर्दा प्राविधिक बाट तयार भएको लागत अनुमान बमोजिमको निर्माण कार्य सम्पन्न गरी कार्यसम्पन्न प्रतिवेदन समेत तयार गर्नु पर्ने व्यवस्था छ । आ.ब २०७९/८० मा केन्द्रबाट छनौट भएका प्राविधिक धारका विद्यालय अन्तर्गतको भवन निर्माण ( पुँजीगत) तर्फ श्री जनहित माध्यामिक विद्यालयलाई रु.१,०१,००,०००।०० अनुदान उपलब्ध गराइएको छ । उक्त अनुदान रकम सम्बन्धमा कार्यक्रम कार्यान्वयन पुस्तिका को बुँदा न (च, छ) बमोजिम प्राविधिक पुस्ट्याइँ सहितको कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्नेमा सो पेश नभएको हुँदा कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०१,००,००० |

६० **स्यानिटरी प्याड** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले आर डि सप्लायर्सबाट ३१०० थान स्यानिटरी प्याड रु.२,१७,०१०(मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि विद्यालयलाई वितरण गरेको देखिन्छ। पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाण र सही समयमा प्याड खरिद गर्नुपर्दछ ।

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्षः** २०७९/८०

**कार्यालय र स्थान :** घरपझोङ गाउँपालिका, मुस्ताङ ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | बेदहरि अधिकारी | २०८०-६-५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | अशोक कुमार खड्का | २०७९-४-१ | |
| लेखा प्रमुख | आशिष भण्डारी | २०७८-१-२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३३०,७७२ | १४,३०८,८६६ | १३,१८३,६७५ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २७,८२३,३१३ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २७,८२३,३१३ |

आर्थिक कारोबारको स्थितिः

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ११५७११९५९.१ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २२४७४८८५८ | चालु खर्च | १६६९९२६६९.७ |
| प्रदेश सरकारबाट अनुदान | १८३३३६२५ | पुँजीगत खर्च | १११७०४०८६ |
| राजश्व बाँडफाँट | ३७११९०१४.७६ | वित्तीय/अन्य व्यवस्था | ५८९७२७०५.७२ |
| आन्तरिक आय | १०२८५००१.१ | | |
| अन्य आय | २९२३५१७६.४९ | | |
| कुल आय | ३१९७२१६७५.३५ | कुल खर्च | ३३७६६९४६१.४२ |
| बाँकी मौज्दात | | ९७७६४१७३.०३ | |

**बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची -२**

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| क्र.सं. | विवरण | रकम रु. | क्र.सं. | विवरण | रकम रु. |
| **१** | **गत वर्षको रकम** | | **१** | **गाउँपालिका चालु खर्च** | ५२८३४५८६.८ |
| | १.१ संचित कोषमा अ.ल्या रकम | ९५४९२७९२.९७ | **२** | **गाउँपालिका पुंजीगत खर्च** | ७६६२९६६७ |
| | १.२ धरौटी खाता | १४९९२३०२.६२ | **३** | **संघीय सरकारबाट प्राप्त अनुदानको खर्च** | |
| | १.३ प्रकोप व्यवस्थापन कोष खाता | १५४७१११ | | ३.१ संघीय शसर्त चालु खर्च | ९१८५१८९५.९२ |
| | १.४ आकस्मिक कोष खाता | २२२७५११ | | ३.२ संघीय शसर्त पुंजीगत खर्च | १९८४७७८४ |
| | १.५ विविध खर्च खाता | ६१४५५८.५० | | ३.३ संघीय शसर्त विशेष खर्च | ९९७०४४० |
| | १.६ विविध कोष खाता | ७८५५८३ | **४** | **प्रदेश सरकारबाट प्राप्त अनुदानको खर्च** | |
| | १.७ विभाज्य कोष खाता | ५२१०० | | ४.१ प्रदेश समपुरक खर्च | ४८५९१९५ |
| **२** | **राजस्व तर्फ (आन्तरिक आय)** | | | ४.२ प्रदेश चालु खर्च | ५००००० |
| | २.१ आन्तरिक राजस्व | १०२८५००१.१ | | ४.३ प्रदेश विशेष अनुदान खर्च | ३९७००० |
| | २.२ राजस्व बाँडफाँड संघ | ३५३६०१९५.७६ | **५** | **अन्तरसरकारी हस्तान्तरण खर्च** | |
| | २.३ राजस्व बाँडफाँड प्रदेश | १७५८८१९ | | ५.१ सामाजिक सुरक्षा तथा संरक्षण | १७३०६१८७ |
| **३** | **संघीय सरकारबाट हस्तान्तरण** | | | ५.२ प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ४६१५२५३ |
| | ३.१ समानिकरण अनुदान | ६७२६७८५८ | | ५.३ गत आ.व.को पेश्की दायित्व | २००००० |
| | ३.२ विशेष अनुदान चालु | २०००००० | **६** | **फिर्ता रकम** | |
| | ३.३ शसर्त अनुदान चालु | १०८१६४००० | | ६.१ संघीय सरकारबाट प्राप्त अनुदान फिर्ता | ३५८१०८८०.०८ |
| | ३.४ शसर्त अनुदान पूजिगत | २२३१७००० | | ६.२ प्रदेश सरकारबाट प्राप्त अनुदान फिर्ता | २१०३००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३.५ विशेष अनुदान पुँजीगत | ७०००००० | ७ | **विभिन्न कोष खाताहरूबाट खर्च** | |
| ४ | **प्रदेश सरकारबाट हस्तान्तरण** | | | ७.१ धरौटी रकम फिर्ता | ३०५७८२९.६२ |
| | ४.१ समानिकरण अनुदान | ५८३३६२५ | | ७.२ विविध खर्च खाता बाट खर्च | १५८९९४४ |
| | ४.२ विशेष अनुदान | २५०००००० | | ७.३ विभाज्य कोष खर्च रकम | ५२१०० |
| | ४.३ शसर्त अनुदान | ५०००००० | | ७.४ विविध कोष खाता बाट खर्च | २८४००० |
| | ४.४ समपुरक अनुदान | ५०००००० | | ७.५ प्रकोप व्यवस्थापन कोष खाता | १४५३५८५ |
| ५ | **अन्तरसरकारी हस्तान्तरण** | | | ८.५ आकस्मिक कोष खाता बाट खर्च | ३०७२८६ |
| | ५.१ सामाजिक सुरक्षा तथा संरक्षण | १७३०६१८७ | ८ | **मौज्दात रकम श्रेस्ता अनुसार** | |
| | ५.२ प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ४६१५२५३ | | ८.१ संचित कोष खाता | ७८९७६०१५.०३ |
| | ५.३ गत आ.व.को पेश्की दायित्व | २०००००० | | ८.२ धरौटी खाता | १४५८०९५२ |
| ६ | **धरौटी प्राप्ति** | २६४६४७९ | | ८.३ प्रकोप व्यवस्थापन कोष खाता | ९३५२६ |
| ७ | **विविध खर्च खातामा प्राप्त** | २३१०९४२.५ | | ८.४ आकस्मिक कोष खाता | १९२०२२५ |
| ८ | **विविध कोष खातामा रकम प्राप्त** | ३५६३१५ | | ८.५ विविध खर्च खाता | १३३५५५७ |
| | | | | ८.६ विविध कोष खाता | ८५७८९८ |
| | | | ९ | **बेरुजु दाखिला रकम प्रदेश** | १७६४३२८ |
| | | | १० | **बेरुजु दाखिला रकम संघ** | ५९३४५०० |
| जम्मा आय | | ४३५४३३६३४.४५ | | जम्मा व्यय | ४३५४३३६३४.४५ |

**बेरूजु दफा ४ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ७,८८,०७,९९१.५९ | २९,०५,२४,८१४.८६ | २६,७९,६३,२१३.३४ | ७,६९,७९,०२३.१४ |
| एकीकृत आर्थिक विवरणअनुसार | ९,५४,९२,७९२.९७ | ४३५४३३६३४.४५ | ३३७६६९४६१.४२ | ९,७७,६४,१७३.०३ |
| फरक | **(१,२४,८८,३७८.८३)** | **(१४,४९,०८,८१९.५९)** | **(६९७०६२४८.०८)** | **(२०७८५१४९.८९)** |

**बेरूजु दफा ६ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| क.सं. | अनुदानको किसिम | प्राप्त रकम | खर्च रकम | सञ्चितकोषमा फिर्ता रकम | फिर्ता मिति |
|---|---|---|---|---|---|
| १ | संघीय सरकार बाट हस्तान्तरित चालु | १२८१६४००० | १०१८२२३३५.९२ | २६३४१६६४.०८ | २०८०।३।२६ |
| २. | संघीय सरकार बाट हस्तान्तरित पुँजिगत | २९३१७००० | १९८४७७८४ | ९४६९२१६ | २०८०।३।२६ |
| ३ | प्रदेश सरकार विशेष अनुदान | २५००००० | ३९७००० | २१०३००० | २०८०।३।२६ |
| जम्मा फिर्ता रकम | | | | ३७९१३८८०.०८ | |